मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ ३० गते शुक्रबार ❑ 13 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## कास्कीमा नदी तथा खानीजन्य पदार्थको उत्खननमा रोक

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ



कास्कीमा नदी तथा खानीजन्य पदार्थको उत्खनन तथा सङ्कलन तीन महिनाका लागि बन्द हुने भएको छ।

जिल्ला अनुगमन समितिको बिहीबारको बैठकले यही असार १ देखि आगामी भदौ मसान्तसम्म नदीजन्य तथा खानीजन्य पदार्थको उत्खननमा रोक लगाउने निर्णय गरेको समितिका संयोजकसमेत रहनुभएका जिल्ला समन्वय समितिका प्रमुख लीलाधर अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड-२०७७ को कानुनी प्रावधानअनुसार सो निर्णय गरिएको हो। सो मापदण्डअनुसार असार, साउन र भदौ महिनामा उत्खनन तथा सङ्कलन कार्य गर्न नपाइने उल्लेख छ। समन्वय प्रमुख अधिकारीले सो निर्णय कडाइका साथ कार्यान्वयन गरिने बताउनुभयो। विकास निर्माणका काममा बाधा नपुग्ने गरी विद्यमान कानुन र मापदण्डको पालना गर्नुको विकल्प नरहेकाले निर्णय कार्यान्वयन गर्न सरोकारवाला सरकारी निकाय र स्थानीय तहलाई आग्रह गरिएको छ । उहाँले भन्नुभयो, "बर्खायामका तीन महिना नदीजन्य पदार्थ उत्खनन गर्न नपाइने प्रावधान छ । यसको अवज्ञा गरेमा कानुनअनुसार कडा कारबाही हुनेछ। व्यवसायी, आपूर्तिकर्ता रसरोकारवालासहितआमजनसमुदाय सचेत हुँदै निर्णयको कार्यान्वयन र मापदण्डको पालनामा सरिक हुन आग्रह गरेका छौं।"

बैठकले नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्त्यसम्म शून्य गर्नुपर्ने र सो हुन नसकेमा बाँकी मौज्दात सम्बन्धित पालिकाले जफत गरी लिलाम गर्ने कानुनी व्यवस्थालाई कडाइका साथ लागू गर्न जिल्लाका सम्पूर्ण पालिकालाई अनुरोधसमेत गरेको कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बरालले बताउनुभयो।

यसैगरी जिल्लामा सञ्चालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगले असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परिमाण सार्वजनिक गर्नुपर्ने छ। साथै सोको जानकारी सम्बन्धित पालिका र अनुगमन समितिलाई दिनुपर्ने व्यवस्थालाई कडाइका साथ अनुगमन गरिने निर्णय गरिएको छ।

## मुस्ताङको पेरिस डाँडामा माओवादी केन्द्रको कार्यालय शिलान्यास

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २९ जेठ



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले घरपझोङ गाउँपालिका-४ झ्प्सोस्थित पेरिस डाँडामा निर्माण हुने पार्टी कार्यालय भवनको शिलान्यास गर्नुभएको छ।

बौद्ध परम्पराअनुसार उहाँले पार्टी शिलान्यास गर्नुभयो।

नेकपा (माओवादी केन्द्र) जिल्ला समन्वय समितिका ' इञ्चार्ज' धीरेन्द्र विकका अनुसार छ कोठाको भवन निर्माण गर्न बारागुङ मुक्तिक्षेत्र-२ छुङ्गुरका ढच्युङ गुरुङले जग्गादान गर्नुभएको हो । त्यसअवसरमा अध्यक्ष दाहालले पार्टी कार्यालय भवन निर्माणपछि सङ्गठन विस्तारका साथै मुस्ताङीको विकासका चाहनामा भरथेग गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो। साथै उहाँले जनतालाई केन्द्रमा राखेर काम गर्न पार्टीका स्थानीय नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो।

## लन्डन जाँदै गरेको २४२ यात्रु सवार विमान भारतमा दुर्घटनाग्रस्त

**रासस**
काठमाडौं, २९ जेठ

भारतको गुजरात राज्यको मुख्य शहर अहमदाबादबाट २४२ जना यात्रु लिएर बेलायतको ग्याटविक विमानस्थलतर्फ जाँदै गरेको बोइङ ७८७-८ ड्रिमलाइनर बिहीबार दिउसो उडेको केही समयपछि अहमदाबाद शहरस्थित एक बस्तीमा खसेको थियो।

एयर इन्डियाको उडान नम्बर १७१ ले 'मे डे' कल जारी गर्दै सङ्कटको सङ्केत गरेको थियो। नागरिक उड्डयन महानिर्देशनालयले विमान स्थानीय समयअनुसार दिउँसो १:४० बजे दुर्घटनाग्रस्त भएको जनाएको छ।

एएफपीले तत्काल पुष्टि गर्न नसकेको सामाजिक सञ्जालमा पोस्ट गरिएका केही भिडियोमा एउटा विमानले आफ्नो अगाडीको भाग माथि उठाएर उचाई लिँदै गर्दा एक्कासी उचाइ गुमाएको र त्यो भवनमा ठोक्किनुअघि आगोको गोलामा परिणत भएको देखिएको थियो।

विमानमा १६९ भारतीय, ५३ बेलायती, सात पोर्चुगाली र एक क्यानेडियाली नागरिक रहेको एयर इन्डियाले जनाएको छ । विमानमा दुई जना पाइलटसहित १० जना चालक दलका सदस्य पनि थिए। करिब ८० लाख मानिसको बसोबास रहेको अहमदाबादको भीडभाड युक्त आवासीय क्षेत्रमा रहेको चिकित्सक र उनीहरूका परिवारको भवनमा विमान ठोक्किएको थियो। अस्पताल र 'घोडा शिविर'को बीचमा दुर्घटना भएको स्थानमा एएफपीका एक पत्रकारले शवहरू निकाल्दै गरेको र अग्निनियन्त्रकहरूले भग्नावशेष निभाउने प्रयास गरिरहेको देखेका


बाँकी अन्तिम पृष्ठमा ▶▶


## नेपाल पत्रकार महासंघ कास्कीमा मल्टिमिडिया पत्रकारिता तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ




नेपाल पत्रकार महासंघ कास्कीको आयोजना तथा पोखरा महानगरपालिकाको सहयोगमा आयोजित ३ दिने मल्टिमिडिया पत्रकारिता तालिम सुरु भएको छ।

तालिमको उद्घाटन गर्दै गण्डकी प्रदेशका सभामुख कृष्ण प्रसाद धितालले समाजलाई सचेत, सुशुचित र सक्रिय गराउने काम पत्रकारिताको भएको बताए । पत्रकारलाई गतिशिल बनाउन मदत गर्ने उनको भनाइ थियो।

नेपाल पत्रकार महासंघ कास्कीका पुर्व अध्यक्ष कृष्ण प्रसाद वास्तोलाले हाल संचार क्षेत्रमा आर्थिक मन्दिको अवस्था रहेको बताउदै पत्रकारिता क्षेत्रमा आकर्षण बढाउन र प्रविधिको प्रयोग गर्दै यस क्षेत्रलाई परिस्कृत तबरले आगाडी बढाउन तालिम प्रभावकारी हुने बताए।

नेपाल खोजमुलक मल्टिमिडिया पत्रकारिता संजालको प्राविधिक सहयोगमा संचालित तालिमका प्रमुख प्रशिक्षक संजालका संस्थापक रननीश भण्डारी रहेका छन्।

नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष माधव रेग्मी र संचालन सचिव भुपाल गुरुङले गरेका थिए।

तीन दिन सम्म संचालन हुने तालिममा विभिन्न संचारमाध्यममा आवद्ध ६० जना पत्रकार एंवम संचारकर्मीको सहभागिता रहेको छ।

## पोउवा संघका अध्यक्षद्वारा नेपालमा भारतीय लगानीको आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ




पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले भारतीय रियलस्टेट उद्योगका प्रतिनिधिहरुलाई नेपालका व्यवसायीसँग मिलेर काम गर्न सुझाव दिएका छन्।

नेपाल र पोखरामा सम्भावनाको अध्ययन गर्न आएको दिल्ली ल्याण्ड फाइनान्स(डीएलएफ) का प्रतिनिधिहरुसँगको छलफलको क्रममा उनले सो धारणा राखेका हुन्। डीएलएफ भारतको अग्रणी रियलस्टेट कम्पनी हो । सन् १९४७ मा दिल्लीमा स्थापित यो कम्पनीले गुडगाउँदेखि मुम्बइ र विदेशमा पनि अपार्टमेण्ट र बस्ती निर्माण गर्दै आएको छ।

उनले भारतीय लगानीकर्ताको लागि पोखरा उत्कृष्ट ठाउँ भएको पनि बताए । यहाँको पर्यटन उद्योगमा भारतीय लगानीको लागि आह्वान गर्दै उनले भने,' पोखरादेखि दिल्ली टाढा छैन । अझ, गोरखपुरदेखि बिहार र उत्तर प्रदेशका धेरै सहरहरुबाट यहाँ आफ्नै गाडीमा एकैदिन आउन सक्ने अवस्था छ । यतिबेला गोरखपुर र लखनउमा उधुम गर्मी छ। त्यहाँको गर्मी छल्ल,स्कूलको समर भ्याकेसनमा उनीहरुलाई सितल ठाउँ घुमाउनको निम्ति पोखराभन्दा सुन्दर र सुरक्षित ठाउँ अर्को छैन। यहाँहरु पर्यटन उद्योगमा लगानी गर्न सक्नुहुन्छ।'

उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतीय सहरमा सिधा उडानको लागि जनस्तरमा पहल गर्न आग्रह पनि गरे । 'हामी निरन्तर पोखरा- दिल्ली, मुम्बइ, लखनउ, वाराणशी, अयोध्यालगायतका सहरहरुमा उडानको लागि लविङ गरिरहेका छौं,' उनले भने, 'हवाइ यात्राले पोखरा र मुक्तिनाथ पुग्न चाहने भारतीय पर्यटक र वाराणशी, अयोध्या, गुजरात,सुरत र भारतका अन्य औद्यागिक क्षेत्र जाने धार्मिक पर्यटक,उद्योगी/व्यवसायी तथा उपचारको लागि दिल्ली जाने सबैलाई सुविधा पुग्छ।'कार्यक्रममा डीएलएफका डेपुटी जनरल म्यानेजर प्रियङ्का ओझा,सेल्स म्यानेजर अतुल डोन्डे र सहायक म्यानेजर प्रतिक सिंहलगायतले डीएलएफका गतिविधिबारे जानकारी दिएका थिए । सो कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष विश्वशंकर पालिखे,वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य,उद्योग उपाध्यक्ष दीनेश बास्तोला, वाणिज्य उपाध्यक्ष बलराम आचार्य, कोषाध्यक्ष मनोजकुमार श्रेष्ठसहित कार्यसमितिका सदस्यहरुको सहभागिता रहेको उपमहासचिव सुदीप प्रधानाङ्गले जानकारी दिए।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बालश्रमविरुद्ध साझा अभियान जरुरी

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

पोखरामा रहेका अधिकांश मोटरसाइल वर्क्ससप र ग्यारेजमा जाँदा त्यहाँ साना बालकहरु भेटिन्छन् ।

उनीहरुको काम आफूभन्दा ठूलो मिस्त्रीलाई सघाउनु हुन्छ । उनीहरुको उमेर १४ वर्षभन्दा कम हुन्छ । पोखरा उद्योग वाणिज्य संघअन्तर्गत रहेको सामाजिक विकास केन्द्रकै तथ्याङ्क हेर्ने हो भने, पोखरामा ३ सय २३ जना बालिकासहित १ हजार १ सय ४७ जना बालश्रमिक रहेका छन् । तीमध्ये वर्क्ससप,ग्यारेज र मेटल उद्योगमा काम गर्नेको संख्या करिब ६ सय ५० रहेको छ । वर्क्ससपमा काम गर्ने ती बालकहरु त्यहीँको कोठमा सुत्छन् । सामूहिक रुपले खाना खान्छन्,मुख्य मिस्त्रीलाई सघाउँछन् तर तलब चाहिँ पाउँदैनन् । पाए पनि त्यो नगण्य रहेको सामाजिक विकास केन्द्रका सुपरभाइजर सफल बरालको भनाइ छ । 'वर्क्ससपमा काम गर्नेहरु बालकहरुमध्ये अधिकांश भारतीय मुलका छन् । उनीहरुलाई आफ्नै आमाबाले काम सिक्नको लागि जिम्मा लगाएर पठाएका हुन्छन् । त्यसैले कामबाट छुटाउनु र अधिकारको कुरा गर्नु साह्रै गाह्रो हुन्छ,' उनले भने,' व्यवहारिक रुपले हेर्दा ठीक पनि होला तर हाम्रो कानूनको आँखामा त्यो अवैधानिक हो ।' गरीब परिवारबाट आएका भारतीय बालबालिकाहरुको जाने ठाउँ हुँदैन । उनीहरुले पढेका पनि छैनन् । किडासाको सहयोगमा त्यस्ता बालबालिकालाई लक्षित गरी सामाजिक विकास केन्द्रले ग्यारेजमै पुगेर शिक्षा दिने गरेको उनले सुनाए । अहिले नेपालमा बालमैत्री स्थानीय शासनको अवधारणा आएको छ । पोखरा महानगपालिकाले पोखरालाई बालश्रम मुक्त बनाउने घोषणा गरिसकेको छ । तर, बालश्रमिकको संख्या घटे पनि काममा लगाउने प्रवृत्ति भने घटेको छैन । पोखराका मेयर धनराज आचार्यले एक सार्वजनिक कार्यक्रमम हरेक ठूला सहरहरुमा बालश्रमको समस्या रहेको र पोखरा पनि त्यसबाट मुक्त नभएको बताएका थिए । कम र अवसरको खोजीमा सहर पस्ने क्रम नरोकिएसम्म बालश्रम कुनै न कुनै रुपबाट देखिने पनि उनको धारणा थियो । मेयर आचार्य सत्यको नजिक छन् । यो सबैजसो ठूला सहरको समस्या हो । त्यसैले बालश्रमविरुद्धको अभियान निरन्तर संचालनमा हुनुपर्छ । हो,बिहीबार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरु यही कुरामा सहमत बने । अन्तर्राष्ट्रिय बालश्रमविरुद्धको दिवसको अवसरमा आयोजित 'बालमैत्री स्थानीय शासनमा बालबालिकाको सम्पर्क व्यक्ति जनप्रतिनिधिको जिम्मेवारी भूमिका विषयक'अन्तर्क्रियाको क्रममा उनीहरुले सो सहमति जनाएका हुन् । पोखरा उद्योग वाणिज्य संघ, सामाजिक विकास केन्द्र तथा बाल हितकारी परियोजना नेपालको संयुक्त आयोजना तथा पोखरा महानगरपालिका सामाजिक विकास महाशाखा र श्रम तथा रोजगार कार्यालय पोखराको समन्वय एवं किडासाको आर्थिक सहयोगमा भएको कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता मालले बालश्रमजस्ता निकृष्ट कार्य रोक्नको लागि जनप्रतिनिधिहरुको भूमिका महत्वपूर्ण हुने बताइन् । बालबालिकालाई घरमै राख्न सके बालश्रममा स्वतः कमी आउने पनि उनको भनाइ थियो । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले बालश्रमविरुद्ध पोउवा संघ सदैव प्रतिवद्ध रहेको बताए । कार्यक्रम तथा सामाजिक विकास केन्द्रका अध्यक्ष राजेन्द्रकुमार लालचनले पोखरा उद्योग वाणिज्य संघले लामो समयदेखि बालश्रमविरुद्धको अभियान संचालन गर्दै आएको बताउँदै शिक्षा,पारिवारिक पुनर्मिलन,सीप अनि शिक्षाले यो समस्या हल गर्न सकिने धारणा राखे । पोखरा महानगरकी सामाजिक विकास प्रमुख निर्मला शर्माले बालश्रम न्यूनीकरणको लागि सामूहिक प्रयास आवश्यक रहेको बताइन् । पोखरा वा अन्य कुनै पालिका तथा कुनै सामाजिका संस्थाको एकल प्रयासले हैन कि सामूहिक प्रयासले मात्र यो समस्या निराकरण हुने उनको धारणा थियो । सो अवसरमा बोल्दै श्रम तथा रोजगार कार्यालय पोखराका प्रमुख सुरेश ढकालले बालश्रम अवैध रहेको र त्यसको निराकरणको लागि विद्यमान कानूनी व्यवस्थाबारे चर्चा गरे । उनले श्रमिक बालबालिकाको पारिश्रमिक, मानशिक र शारीरिक स्वास्थ्य आदिबारे पनि कानूनले बोलेको बताए ।




कार्यक्रममा सहभागी पोखरा १० का वडा सदस्य परमेश्वर कार्की,१५ का बलराम पौडेल र २९ की निर्मला पौडेलले बालश्रम अन्त्यका लागि वार्षिक बजेटको व्यवस्था गर्ने बताए । बालअधिकार परिषद् गण्डकी प्रदेशको समन्वय अधिकृत बद्री वाग्ले,बाल हितकारी परियोजना नेपालका अध्यक्ष रामचन्द्र शर्मा, महानगरकी बालकल्याण अधिकारी बेलकुमार गुरुङलगायतले पनि बालश्रमलाई सामूहिक प्रयासले मात्र अन्त्य गर्न सकिने बताए । कार्यक्रममा स्थानीय योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सम्बन्धमा बालहितकारी परियोजनाका केशव पौडेलले प्रस्तुति राखेका थिए ।

# पोखरा २६ मा डिजिटल प्रविधि तालिम समापन

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

पोखरा महानगरपालिका वडा नं. २६ ले आयोजना गरेको डिजिटल प्रविधिमा आधारित ४५ दिने तालिम विहिबार सम्पन्न भएको छ ।

तालिमको समापन कार्यक्रममा बोल्दै अनुसन्धानकर्ता डा.सन्तोष कोइरालाले डिजिटल बजारमा आवश्यक जनशक्तिको अभाव रहेको उल्लेख गर्नु भयो ।

पछिल्लो पुस्ता विज्ञान र प्रविधिमा अभ्यस्त हुनु पर्नेमा जोड दिदै कोइरालाले डिजिटलमा आधारित शिपले बेरोजगार नरहने बताउनु भयो । राज्यले अनुसन्धानको क्षेत्रमा लगानी गर्नु पर्नेमा जोड दिदै कोइरालाले अनुसन्धान विनाको योजना कार्यान्वयन हुन नसक्ने स्पष्ट पार्नु भयो । कार्यक्रममा पोखरा विश्वविद्यालयका डिन डा. कपिल अधिकारीले प्रविधिसँगै सामाजिक शिक्षामा स्थानीय सरकारले जोड दिनु पर्ने बताउनु भयो । डिन अधिकारी पछिल्लो पुस्ता प्रश्न सोध्ने भन्दा पनि मौन रहने र समस्याबाट भाग्ने प्रबृत्तिका रहेको बताउनु भयो । समस्यासँग जुध्ने भन्दा पनि भाग्ने प्रकृतिले युवापुस्ता पलायन हुँदै गएको उल्लेख गर्नु भयो । युवा बैज्ञानिक विकल्प ढुंगानाले शिप सिक्ने भन्दा



पनि त्यसको निरन्तरता ठुलो कुरा भएको बताउनु भयो । उहाँले एउटा उमेर समूहमा जिज्ञासु बन्नेहरुले त्यसलाई निरन्तरता दिए मात्र लक्ष्य प्राप्ती हुने उल्लेख गर्नु भयो । समापन कार्यक्रमका अध्यक्ष समेत रहनु भएका पोखरा महानगरपालिका वडा नं. २६ का अध्यक्ष नरेन्द्र थापाले प्रविधिले युवा र देशलाई परिवर्तन गर्ने उल्लेख गर्दै, वडालाई प्रविधि मैत्री बनाउने गरी योजना शुरु गरिएको बताउनु भयो । अध्यक्ष थापाले युवा पुस्ताले प्रविधिको सिकाईपछि त्यसलाई आय आर्जनको माध्यमका रुपमा विकास गर्नु पर्नेमा जोड दिनु भयो । उहाँले वडाले तीन सामुदायिक विद्यालयमा बुक फ्रि डे को अवधारणा अनुसार शिपविकासको प्रविधिलाई अगाडी बढाएको बताउनु भयो । कार्यक्रममा पोखरा २६ का वडा सदस्य सुजता बराल सुनार, पोखरा विश्वविद्यालयका आईटी विभाग संयोजक डा. राममणि अधिकारी, कन्टेन क्रियटर मिस गाईडेड नेपाल युटयूव च्यानलका अमृत थापा, लक्ष्मी आदर्श मा.वि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चतुराखर अधिकारी, पोखरा २६ का सूचना अधिकारी नवराज सापकोटा र कार्यक्रम संयोजक आकार समूहका इन्जिनियर सन्दिप पौडेल लगायतले विज्ञान, प्रविधि र शिप विकासको तालिमले विद्यार्थीलाई नयाँ संभावनासँग जोड्ने बताउनु भएको थियो । कार्यक्रममा सहभागीहरुले तालिमबाट सिकेका शिपका बारेमा बोलेका थिए ।

४५ दिनसम्म संचालन गरिएको तालिममा भिडियो सम्पादनमा ३१, ग्राफिक्स डिजाईनमा ४५, रोवटिक्समा २९ र व्यक्तित्व विकासको तालिममा १८ जना सहभागी रहेका थिए ।

# प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिता जारी, शुक्रबार सेमिफाइनलका खेल हुने

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

पोखरामा जारी प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिता २०८२ अर्न्तगत शुक्रबार सेमिफाइनलका दुई खेल हुने भएको छ ।

न्यु डायमण्ड र एपिएफ र अर्को खेलमा पुलिस बिरुद्ध एभेरेष्ट क्लव बिच सेमिफाइनलको खेल हुने भएको नेशनल स्पोर्ट्स एकेडेमीका अध्यक्ष दिपक कोइरालाले बताउनु भयो । यसैबिच, विभागीय टोली शसस्त्र प्रहरी वलको एपिएफ क्लब र एभरेस्ट भलिबल क्लब ले विहिबारको खेलमा जित हासिल गरेसंगै सेमिफाइनलमा प्रवेश गरेका हुन् । पोखरा रंगशालाको कभर्डहलमा बिहीबार भएको समुह 'ए' को अन्तिम खेलमा एपिएफले पाल्पाको स्टेप रामपुर माथि ३-० को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा यात्रा बनाएको हो ।

अर्को खेलमा एभरेष्टले घरेलु टिम गण्डकी प्रदेश भलिवल संघलाई ३-१ को सेटमा पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो । एपिएफले फाइनल प्रवेश गर्न पोल 'बी' को विजेता न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबसँग प्रतिष्प्रर्धा गर्ने भएको छ । एपिएफले रामपुर माथि २५-६ र २५-६ र २५-७ को सोझो सेटमा सहज जित दर्ता गर्‍यो । न्यु डायमन्डले गण्डकी प्रदेश भलिबल संघ र एभरेस्ट भलिबल क्लबलाई सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा यात्रा पक्का गरेको हो ।

त्यसै गरी बिहीबार भएको लिगको अन्तिम खेलमा एभरेष्टले गण्डकीलाई २१-२५, २५-१४, २५-२२ र २५-१४ को सेटमा पराजित गर्दै पुलिससंग सेमिफाइनलमा यात्रा पक्का गरेको हो ।

पहिलो सेटमा जित हात पारेको गण्डकीले दोश्रो सेटबाट आफ्नो लय गुमाउदा उक्त प्रतियोगिताबाट बाहिरिनु पर्‍यो । न्यु डायमण्डसंग गण्डकीले लिगको पहिलो खेलमा पराजित भएको थियो । नेपाली राष्ट्रिय महिला भलिवल टिमकी कप्तान अरुणा शाहीको कप्तानीमा नयाँ खेलाडीहरुको साथ मैदानमा उर्त्रिएको गण्डकीले अन्ततः केही बर्ष अघि राखेको साख बचाउन सकेन ।

लगातार दोस्रो हार बेहोरेको रामपुर भने प्रतियोगिताबाट बाहिरिएको छ । पहिलो खेलमा रामपुरलाई नेपाल पुलिस क्लबले यसरी नै सोझो सेटमा पराजित गर्‍यो । ६ टिम मध्य रामपुर नयाँ खेलाडीहरु संलग्न टिम भएकोले राष्ट्रिय खेलाडीले भरिएका टिमसंग पराजित हुनु परेको हो ।

# गणेशमान पालिखेको २० औं स्मृति दिवस

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

जनप्रिय बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले गणेशमान पालिखेको शैक्षिक योगदानलाई संझिरहने बताएका छन् ।

संस्थापक क्याम्पस प्रमुख गणेशमान पालिखेको २० औं स्मृति दिवसका सन्दर्भमा बोल्दै विजुक्छेले भने, पालिखे सरको शैक्षिक, राजनीतिक, उद्यमी, व्यावसायिक जीवन कडा परिश्रम र संघर्षले नै सफल भएको बताए । आफ्नो समयको नेतृत्वदायी भूमिका खेलेका पालिखेले क्याम्पस कै लागि ज्यानको आहुति दिई शिक्षा मै सहादत पाएका क्रान्तिकारी व्यक्तित्व भएको जानकारी दिए । क्याम्पस प्रमुख कृष्णबाबु बरालले जनप्रिय क्याम्पसमा पढ्दा पालिखे सरबाट आफू प्रभावित विद्यार्थी भएको बताउँदै उनको पदचाप पछ्याई जनप्रियलाई पूर्ण डिजिटलाइज्ड गराउने, प्रविधिमैत्री पठनपाठनको वातारण बनाउने र क्याम्पसलाई थप उचाइमा पुऱ्याउने प्रतिवद्धता गरे । पूर्व क्याम्पस प्रमुख भरतराज गौतमले गणेशमान पालिखेको जीवनी व्यक्तित्वमाथि प्रकाश पार्दै पालिखेले नेपालभरि कै शिक्षा क्षेत्रमा व्यवस्थापन सङ्कायको खाँचो पुष्टि गर्दै काठमाडौं बाहिर पहिलो पटक पोखरामा बिबिए कार्यक्रम ल्याएको स्मरण गरे । पब्लिक क्याम्पस सङ्घको संस्थापक अध्यक्ष भएर मुलुकभरिका सामुदायिक क्याम्पसको स्थापना र सञ्चालनमा पालिखेले गरेको योगदान संझनालायक भएको बताए । पूर्व कार्यवाहक अध्यक्ष परशुराम बरालले जनप्रियमा आवद्ध शिक्षक कर्मचारीले पालिखेलाई बिर्सन नहुने बताउँदै आफ्नो भूमिकालाई प्रभावकारी बनाउन आग्रग गरे । बरालले क्याम्पस स्थापना गर्ने भेलामा पालिखेको उपस्थिति नभए पनि समुदायले अनुरोध गरेपछि उनलाई संस्थापक क्याम्पस प्रमुखको



जिम्मेवारी दिइएको हो । स्थानीय समुदाय, संघसंस्था र शिक्षाप्रेमीले सहयोग गरेकै कारण पालिखे सफल भएको बताए । सहायक क्याम्पस प्रमुख नवीनराज खनाल, संस्थापक उपाध्यक्ष हरिप्रसाद बराल, सिर्जना विकास केन्द्रक अध्यक्ष विष्णुप्रसाद बराल, पब्लिक क्याम्पस प्राध्यापक सङ्घ जनप्रिय एकाइका अध्यक्ष विकास थापामगर, कर्मचारी सङ्घ जनप्रिय एकाइका अध्यक्ष देवी पनेरु, पालिखेकी धर्मपत्नी गंगादेवी बराल लगायतका वक्ताले क्याम्पसलाई गतिशील र क्रियाशील शैक्षिक संस्थाका रूपमा स्थापित गर्न संस्थापक क्याम्पस प्रमुख गणेशमानले जस्तै व्यक्तिगत स्वार्थभन्दा माथि उठेर, क्याम्पसलाई केन्द्रमा राखी कार्यसम्पादन गर्न क्याम्पस प्रशासनलाई सुझाए । स्वर्गीय पालिखेको संझनामा बिबिए तथा पुस्तकालय भवनलाई गणेशमान पालिखे स्मृति भवन नामाकरण गरिएको छ । पालिखेकी धर्मपत्नी गङ्गादेवी पालिखेले पति गणेशमानको संझनामा परिवारका तर्फबाट ४ लाख रूपैयाँको अक्षयकोष स्थापनाको गरेकी छन् । स्मृति दिवसका सन्दर्भमा क्याम्पस परिसरमा वृक्षारोपण गरिएको छ । समुदायले स्थापना गरेको क्याम्पसमा समुदायले दिएको जिम्मेवारी पालिखेले आफ्नो भौतिक शरीर रहँदासम्म इमान्दारितापूर्वक बहन गरे ।

# लन्डन...

थिए । नाम नबताउने शर्तमा एक स्थानीयले भन्नुभयो, "हामीले भवनका मानिसहरूलाई दोस्रो र तेस्रो तल्लाबाट हामफालेर आफूलाई बचाउने प्रयास गरेको हामफालेको देख्यौं। विमानमा आगो लागेको थियो।"

"जब हामी घटनास्थलमा पुग्यौं, त्यहाँ धेरै शवहरू थिए र अग्निनियन्त्रकहरूले आगो निभाइरहेका थिए," अर्का स्थानीय पुनम पटनीले एएफपीसँग भन्नुभयो । कृष्ण नाम गरेका एक चिकित्सकका अनुसार "जहाजको नाक र अगाडिको पाङ्ग्रा क्यान्टिन भवनमा खसेको थियो जहाँ विद्यार्थीहरूले खाजा खाइरहेका थिए । उहाँले आफूले १५ देखि २० वटा जलेको शव देखेको र आफू र उनका सहकर्मीले करिब १५ जना विद्यार्थीको उद्धार गरेको बताउनुभयो । शहरका एक प्रहरी आयुक्तले सुरुमा एएफपीलाई त्यहाँ कोही पनि जीवित नभएको बताए पनि गुजरात राज्यका स्वास्थ्य अधिकारीले पछि त्यहाँ एक जनालाई जीवितै उद्धार गरेको बताउनुभएको थियो ।

गुजरात राज्यको स्वास्थ्य विभागका प्रमुख सचिव धनञ्जय द्विवेदीले एएफपीसँग भन्नुभयो, "हो, एक जना बाँचेको पुष्टि भएको छ।" सेनाको सहयोगमा उद्धार टोलीले अहिलेसम्म २०४ जनाको शव फेला पारेको छ, जसमा विमान र दुर्घटना आसपासका क्षेत्रका मानिस पनि हताहत भएका भेटिएका छन् ।

शहरका प्रहरी आयुक्तले एएफपीलाई बताएअनुसार विमान आवासीय क्षेत्रमा दुर्घटनाग्रस्त भएकाले हताहत हुनेको सङ्ख्या थप बढ्ने अपेक्षा गरिएको छ । भारतको उड्डयन मन्त्रालयले सबै उड्डयन र आपतकालीन प्रतिक्रिया एजेन्सीहरूलाई 'छिटो र समन्वयात्मक कार्य गर्न' तैनाथ गरेको छ । अर्को सूचना जारी नभएसम्मका लागि सबै उडान स्थगित गरिएको छ । एयरलाइन्सका अध्यक्ष नटराजन चन्द्रशेखरनले आपतकालीन केन्द्र सक्रिय गरिएको र जानकारी लिन चाहने परिवारका लागि सहयोगी टोली गठन गरिएको जानकारी दिनुभयो ।

अमेरिकी विमान निर्माता कम्पनी बोइङले घटनाबारे थप जानकारी सङ्कलनका लागि काम गरिरहेको र एयर इन्डियालाई सहयोग गर्न तयार रहेको बताएको छन् । बेलायत र अमेरिकाले आफ्ना भारतीय समकक्षीलाई सहयोग गर्न हवाई दुर्घटना अनुसन्धान टोली पठाउने बताएका छन् । ७८७ ड्रिमलाइनर दुर्घटनाग्रस्त भएको यो पहिलो पटक भएको घटनासँग सम्बन्धित एक स्रोतले जनाएको छ ।

एक ईन्धन-कुशल, वाइड-बडी, हल्का विमान बोइङ ७८७ ड्रिमलाइनरले ३३० व्यक्तिहरूलाई ओसारपसार गर्न सक्छ र यो लामो दूरीका विमानहरूको लागि अमेरिकी कम्पनीको एक गौरवपूर्ण उत्पादन हो । विमान दुर्घटनापूति दुःख व्यक्त गर्दै एयर इन्डियाको लगानीकर्ता टाटा समूहले प्रत्येक मृतकका परिवारलाई एक करोड भारु (एक लाख १७ हजार अमेरिकी डलर) आर्थिक सहयोग गर्ने घोषणा गरेको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# भारत नै शोकमा डुवाउने विमान दुर्घटना

भारतको पश्चिमी शहर अहमदाबादमा बिहीबार लन्डनका लागि उडेको यात्रुवाहक विमान दुर्घटना भएको छ। एयर इन्डियाको विमानमा दुई सय ४२ यात्रु सवार रहेको उड्डयन अधिकारीहरूले बताएका छन् । एयरलाइन्सले यसलाई ‘दुःखद दुर्घटना’ भनेको छ। लन्डन ग्याटविकका लागि उडेको एयर इन्डियाको फ्लाइट १७१, बोइङ ७८७-८ ड्रिमलाइनर उडानको केही समयपछि दुर्घटनाग्रस्त भएको अधिकारीहरूले बताएका छन् । दुर्घटनास्थलमा एक जना जीवित फेला परेका छन् । भारतीय समाचार संस्था एएनआईका अनुसार विमानको ११-ए सीटमा बसेका यात्रु जीवितै भेटिएका हुन्। त्यसअघि प्रहरीले विमानमा सवार सबै २४२ जनाको मृत्यु भएको हुनसक्ने बताएको थियो । दुर्घटनासँगै भारत शोकमा डुबेको छ। भारतका उड्डयनमन्त्रीले अहमदाबादमा भएको दुर्घटनाबाट आफू ‘स्तब्ध र विक्षिप्त’ भएको पबताएका छन। भारतको नागरिक उड्डयन प्राधिकरणले दिएको जानकारीअनुसार , “जहाजमा दुई पाइलट र १० चालक दलका सदस्यसहित दुई सय ४२ व्यक्ति सवार थिए।” विमानमा एक सय ६९ भारतीय, ५३ बेलायती, सात पोर्चुगाली र एक क्यानाडाली यात्रु सवार रहेको एयर इन्डियाले जनाएको छ। एयर इन्डियाको विमानले मेडे कल जारी गरेको र ‘उडानपछि तुरुन्तै दुर्घटनाग्रस्त भएको’ नागरिक उड्डयन महानिर्देशनालयले बताएको छ। विमानस्थलको परिधि बाहिर विमान दुर्घटना भएको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ।

भारतको गुजरात राज्यको मुख्य सहर अहमदाबादमा करिब ८० लाख मानिस बस्छन् र व्यस्त विमानस्थल घना खचाखच भरिएका आवासीय क्षेत्रहरूले घेरिएको छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्समा लेख्दै भनेका छन्, “ अहमदाबादको यो दुःखद घटनाले हामीलाई स्तब्ध तुल्याउनुका साथै दुःखी पनि बनाएको छ। यो शब्दमा व्यक्त नै गर्न नसकिने गरी हृदयविदारक घटना हो। यो दुःखको घडी हो र यसबाट प्रभावित सबैमा मेरो सहानुभूति छ। म प्रभावितहरूलाई सघाउन लागि परेका मन्त्री तथा अधिकारीहरूसँग सम्पर्कमा रहेको छु।” त्यसैगरी, कांग्रेस संसदीय दलकी अध्यक्ष सोनिया गान्धी, कांग्रेस सांसद तथा लोकसभामा प्रतिपक्षका नेता राहुल गान्धीले लण्डनका लागि उडेका एयर इन्डियाको विमान दुर्घटनाप्रति दुःख व्यक्त गरेका छन्।

अध्यक्ष गान्धीले भनेका छन्, “अहमदाबादमा भएको विमान दुर्घटनाबाट म स्तब्ध र दुःखी छु। यात्रु र चालक दलका सदस्यका परिवारप्रति मेरो समवेदना छ। दृश्यहरू अत्यन्त्यै हृदयविदारक छन्। सिङ्गो देश शोकले आक्रान्त छ र प्रार्थना गरिरहेको छ।”राहुल गान्धीले कांग्रेस कार्यकर्ताहरूलाई उद्धार र राहत कार्यमा सहयोग गर्न आग्रह गरेका छन्। गान्धीले भने, “यो अविश्वसनीय कठिन प्रशासनद्वारा तत्काल उद्धार र राहत प्रयासहरू गर्नु महत्वपूर्ण हुनेछ।” दुर्घटनाप्रति शोक व्यक्त गर्दै देशका अन्य दल, तिनीहरूका नेता, कलाकार तथाउद्यमीहरूले पनि सामाजिक सञ्जालमार्फत् शोक व्यक्त गर्दै राहतका लागि कुनै कसुर बाँकी नराख्न सरकारसमक्ष आग्रह गरेका छन् ।नेपालका राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओली लगायतले शोक व्यक्त गरेका छन।

भारतले घातक हवाई दुर्घटनाहरूको शृङ्खलाको सामना गरेको छ। यसमा सन् १९९६ को दुर्घटना पनि समावेश छ। त्यसबेला दुई जेट नयाँदिल्लीमाथि हावामा ठोक्किएर करिब तीन सय ५० जनाको ज्यान गएको थियो। सन् २०१० मा दक्षिण पश्चिम भारतको मङ्गलोर विमानस्थलमा एयर इन्डिया एक्सप्रेसको जेट दुर्घटना भएर आगो लागेको थियो। उक्त दुर्घटनामा एक सय ६६ यात्रु र चालक दलका सदस्यमध्ये एक सय ५८ जनाको मृत्यु भएको थियो। दशकौँअघि सन् १९८५ जुनमा मन्ट्रियलबाट लन्डन उडेको एयर इन्डिया बोइङ ७४७ आयरल्यान्डको समुद्रमा दुर्घटनाग्रस्त भएको थियो। विमानमा तीन सय २९ जना यात्रु सवार थिए र कोही पनि बाँचेनन्। यस्ता दुर्घटनाको बारेमा गहिरो अनुसन्धान गर्नु र हवाई सुरक्षाका लागि गम्भीरतापूर्वक लिएर काम गर्नु जरुरी छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# थप चार प्रदेशमा फैलियो मनसुन

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ

नेपालमा १५ दिनअगावै भित्रिएर रोकिएको मनसुन बिहीबार थप चार प्रदेशमा फैलिएको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार आज मनसुन कोशी प्रदेशका बाँकी भू-भागसहित मधेस प्रदेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा फैलिएको छ। महाशाखाका मौसमविद् गोविन्द झाले मधेस प्रदेश, बागमती र गण्डकी प्रदेशका केही भू-भागमा र लुम्बिनी प्रदेशका थोरै भू-भागमा मनसुन फैलिएको जानकारी दिनुभयो।

यसअघि यही जेठ १५ गते राति नेपालमा मनसुन भित्रिएको थियो । त्यसपछि मनसुन सोहोरिएर पूर्वी एसिया गएको थियो। कोशीबाट फैलिन नपाएको मनसुन आज भित्रिएको १४ दिनपछि अन्य चार प्रदेशमा फैलिएको हो । अन्य प्रदेशमा फैलिन अझै केही दिन लाग्ने उहाँले बताउनुभयो । मनसुन भित्रिने सरदर मिति जुन १३ अर्थात् भोली शुक्रबार हो।

# दूध र मह बिक्रीबाट मनग्य आम्दानी

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ जेठ

बसाइँसराइले उजाडिएको जैमिनी नगरपालिका-८ को छिस्ती फुर्केसल्ला गाउँ।

खण्डहर घर र बाझिएका खेतबारीको बीचमा एउटा मेहनती परिवार छ, जस्को कृषि कर्म साँच्चिकै लोभलाग्दो छ। आँगनैभरि मौरीका घार, गोठमा भैँसी र पाडापाडी, बारीमा व्यावसायिक घाँसखेती। यसैबाट गाउँमै सम्भावना खोजिरहनुभएको छ, रघुनाथ पौडेल। उमेरले ६२ वर्ष पुग्नुभएका पौडेल र उहाँका ३३ वर्षीय छोरा राजन पौडेल दिनभर गाईभैँसीको स्याहार र दूध व्यवस्थापनमा व्यस्त हुनुहुन्छ। गाईभैँसीपालन, तिनको मलबाट व्यावसायिक घाँसखेती गर्दै आउनुभएका पौडेल परिवारसँग प्लाष्टिक टर्नेलदेखि तोरी पेल्ने र कुटानी-पिसानी गर्ने मिलसमेत छ। बाउछोरा मिलेर पाँच वर्षयता दूध र मह उत्पादन गर्दै आउनुभएको छ। गाउँमा बसाइँसराइले बाँदर आतङ्क भएपछि अन्नबालीसमेत कम उत्पादन हुन थालेको छ। परम्परागत कृषिकर्म गरेर छोराछोरीलाई हुर्काउनुभएका रघुनाथ भने छोराकै साथले कृषि र पशुपालन कर्मलाई व्यावसायिक बनाइराख्नुभएको छ। “गाउँ रित्तियो, सम्पत्ति भएका त सहरबजार सरे, हामी बाउछोरा यही गाउँमा केही गर्नुपर्छ भनेर लागेका छौँ”, बुबा रघुनाथले भन्नुभयो, “हाल छवटा मुर्रा भैँसी र तीनवटा गाईपालन गरेका छौँ। आँगनमा ३० वटा मौरीका घार छन्, दुई प्लाष्टिक टनेल, १० रोपनी जग्गामा घाँसखेती र तेल पेल्ने र कुटानी-पिसानी गर्ने मिल छ। यीमध्ये मासिक एक लाख २० हजार त दूध बिक्रीबाटै कमाइन्छ।” गाईभैँसी र पाडापाडीका लागि आवश्यक अन्न कुट्न र पिस्नका लागि घरमै कुटानी-पिसानी मिल सञ्चालन गरिरहेको उहाँले सुनाउनुभयो।

पाँच वर्षअघिसम्म चितवनमा जग्गा भाडामा लिएर माछापालन गर्दै आउनुभएका ३३ वर्षीय छोरा राजनलाई गाउँका अन्य युवा जस्तै विदेश हिँड्न मन लागेको छैन, बरु गाउँमै व्यावसायिक कृषक बन्ने सोच आएको छ। बुबाको परम्परागत कृषि र पशुपालनलाई व्यावसायिक बनाउने सोचका साथ काममा खटिएको उहाँको भनाइ छ। “हाल दैनिक ४० लिटर दूध बागलुङ बजारमा पठाउँदै आएका छौँ। छिस्ती पाडापाडी तथा भैँसीपालन फार्म स्थापना गरेर कृषि र पशुलापन गर्दै आएका छौँ।

यसले पाडापाठीको संरक्षण र आम्दानी दुवै भइहेको छ, यसैमा खुसी छु”, राजनले भन्नुभयो। हाल फार्ममा छ पाडी, एक पाडो र दुई गाईका बाच्छा हुर्कँदै गरेका छन्। यी सबै हुर्किए र उत्पादान सुरु भएमा थप व्यवसाय विकासमा योगदान पुग्ने उहाँको विश्वास छ। बाँदरको आतङ्कपछि स्थानीयले खेतमा बाली लगाउन छाडेका छन्। त्यसैले पौडेल बाउछोराले १० रोपनी जग्गामा व्यावसायिक बहुवर्षे घाँसखेती गर्नुभएको छ। यसबाहेक वार्षिक डेढ क्विन्टल मह उत्पादन गरेर बिक्री गर्दा रु दुई लाखभन्दा बढी आम्दानी हुने गरेको राजनले जानकारी दिनुभयो।

# नेपाललाई क्षयरोग मुक्त बनाउनुपर्छ : मन्त्री पौडेल

**रासस**
काठमाडौं, २९ जेठ

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले नेपाललाई क्षयरोग मुक्त बनाउनका लागि सरकारी तथा गैरसरकारी संस्था हातेमालो गरेर अगाडि बढ्नुपर्ने बताउनुभएको छ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र भक्तपुरको आयोजनामा क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रमअन्तर्गत आज जनकपुरधाममा आयोजना गरिएको दुईदिने प्रदेशस्तरीय समीक्षा कार्यक्रममा मन्त्री पौडेलले क्षयरोग मुक्त देश बनाउने अभियान सफल बनाउन सङ्घ, प्रदेश र स्थानीय सरकारबीच अधिकतम सहकार्य आवश्यक भएको बताउनुभयो। भारतसँग सिमाना जोडिएको मधेस प्रदेशका जिल्लामा क्षयरोग नियन्त्रण कठिन हुने भएकाले सीमासँग जोडिएका भारतीय क्षेत्रका प्रशासनसँग सहकार्य गरेर प्रभावकारी नियन्त्रण तथा खोजतलास गर्न सकिने उहाँको भनाइ थियो। मन्त्री पौडेलले देशमा साधन श्रोतको अभाव भए पनि स्वास्थ्य क्षेत्रमा ४ प्रतिशत बजेट भएको उल्लेख गर्दै स्वास्थ्यका सबै समस्या समाधान गर्न कठिन भए पनि स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यहरू अगाडि बढाइरहेको बताउनुभयो। उहाँले सरकारी स्वास्थ्य संस्थामा सेवाग्राहीको चाप बढ्नु सरकारी स्वास्थ्यप्रतिको जनविश्वास भएको जिकिर गर्दै क्षयरोग जस्ता रोगको उन्मूलनका लागि सबैको सहयोग आवश्यक भएको बताउनुभयो। मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा डा अंकुर साहले मधेसमा अत्यधिक मात्रामा जनसङ्ख्या भएका कारणले स्वास्थ्य क्षेत्रको समस्या समाधान गर्न मधेस स्वास्थ्य विज्ञानको प्रयासले मात्र स्वास्थ्यको सम्पूर्ण समस्याको समाधान कठिन हुने बताउनुभयो। जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले स्वास्थ्य क्षेत्रमा सङ्घीयताको राम्रो अभ्यास भए पनि प्रदेश तथा स्थानीय तहले मात्र समस्याको समाधान गर्न कठिन भएको बताउनुभयो।

# चालीस लाखको लागतमा ग्रामीण खानेपानी आयोजना सम्पन्न

**पोखरापत्र संवाददाता**
दमौली, २९ जेठ

मालिका गाउँपालिका-३ लुक्सीपारमा ‘एक घर, एक धारा’ कार्यक्रमअन्तर्गत रु ३९ लाख २३ हजारको लागतमा खानेपानी आयोजना निर्माण सम्पन्न भएको छ। आयोजनाबाट करिब ४०० जना लाभान्वित भएका छन्।

नेपाल स्वास्थ्यका लागि पानी (नेवा) को रु १७ लाख ७४ हजार ७२९, मालिका गाउँपालिकाको रु नौ लाख ९५ हजार ५०९ र उपभोक्ताको रु ११ लाख ५३ हजार २५० बराबरको श्रमदानमा आयोजना सम्पन्न भएको नेवाका प्राविधिक रुपक थापाले जानकारी दिनुभयो।

मालिका गाउँपालिका र नेवाको साझेदारीमा चालु आर्थिक वर्ष २०८१/०८२ मा मालिका गाउँपालिका-३ मा पाल्ते, लुक्सीपार र डाँडागाउँमा तीन वटा खानेपानी योजना निर्माण भएका छन्।

ती योजनाहरूबाट ४०० परिवार लाभान्वित भएका वडाध्यक्ष मोतीप्रसाद बुढाले बताउनुभयो। डाँडागाउँ, किटेनी, औल, सराग्दी, स्यागलुङ, पाल्ते र लुक्सीपार टोलमा खानेपानी सुविधा विस्तार भएको उहाँले बताउनुभयो।

# राष्ट्रिय रोजगार कार्यक्रममार्फत पदमार्ग र पोखरी निर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ जेठ

साबिक प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत बागलुङ नगरपालिकाका ५३ जनालाई प्रत्यक्ष रोजगारी दिइएको छ। कार्यक्रमअनतर्गत पालिकासँगको बजेट साझेदारीमा पदमार्ग र सिँचाइ पोखरी निर्माण तथा सडक ‘सोलिङ’ गरिएको छ।

नगरपालिकामा गत आवमा सूचीकृत २३८ जना बेरोजगारीमध्येबाट चयन भएका उनीहरूले ३७ लाख ज्याला तथा १८ लाख ५० हजारको निर्माण सामग्रीबाट एक हजार ४०० मिटर पक्की पदमार्ग तथा चार सिँचाइ पोखरी र ३५० मिटर सडक सोलिङ गरेका हुन्। बागलुङ नगरपालिकाका रोजगार संयोजक रामचन्द्र गौतमका अनुसार यस वर्ष छ योजनाबाट तीन वटा सिँचाइ पोखरी, चार स्थानमा पदमार्ग ढलान तथा एक स्थानको सडक सोलिङ गरिएको छ। नगरपालिका-३ स्थित मध्यपहाडी लोकमार्गबाट तातोपानी जाने २५० मिटर पदमार्ग ढलान र कदमको बोट सिँचाइ पोखरी निर्माण भएको छ। बागलुङ नगरपालिका-५ मालिकाको ठूलाखोलादेखि बाँघबोटे मालिकाको २५० मिटर पदमार्ग ढलान तथा मौरीभिर, आँटीघर र पल्ला खोरियामापोखरीनिर्माणगरिएको थियो। साथै नगरपालिका-८ को ओखेनी चितेपानी देउपुजा कोट मन्दिरसम्मको ४५० मिटर पदमार्ग ढलान गरिएको छ।

# विद्यार्थीलाई कपाल काट्ने तालिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ जेठ



यहाँको बेनी सामुदायिक माध्यमिक विद्यालयले विद्यार्थीलाई कपाल काट्ने तालिम सञ्चालन गरेको छ।

बेनी नगरपालिकाको “हामी सक्छौँ, हामी गर्छौं” कार्यक्रममार्फत विद्यार्थीलाई पढाइसँगै सीप सिकाइएको हो। कक्षा ८, ९ र ११ मा पढ्ने २५ जना विद्यार्थीलाई उनीहरूको रुचीअनुसार १५ दिने कपाल काट्ने तालिम सञ्चालन गरेको विद्यालयका प्रधानअध्यापक दिपक श्रेष्ठले बताउनुभयो । “विद्यार्थीहरूको माग र रुचीअनुसार कपाल काट्ने तालिम छनोट गरिएको हो,” उहाँले भन्नुभयो, “यही जेठ २६ गतेदेखि सुरु भएको तालिम असार १० गतेसम्म सञ्चालन गर्छौं।” विद्यार्थीलाई बेनीका अभिशेक श्रेष्ठले कपाल काट्ने तालिम दिइरहनु भएको छ। दिउँसो ४ बजे विद्यालयको नियमित कक्षाको पठनपाठन सकिएपछि दुई घण्टाका दरले तालिम सञ्चालन गरिएको छ। तालिममा सहभागी कक्षा ११ का छात्र सुयोग रेग्मीले घरपरिवारका सदस्यको कपाल काटेपनि खर्च बचत हुने र भविष्यमा व्यवसाय सञ्चालनका लागि सिकेको सीपले सहज हुने बताउनुभयो।

प्रअ श्रेष्ठका अनुसार बेनीमा सार्वजनिक बिदाका दिनमा सैलुनमा कपाल काट्न घण्टौंसम्म कुरेर पालो पर्खनुपर्छ। विद्यार्थीले सिकेको सीपको सदुपयोग गरेर सामुहिक व्यवसाय सञ्चालन गर्न चाहेमा विद्यालयले सटर उपलब्ध गराउने प्रअ श्रेष्ठले बताउनुभयो। “गत वर्ष प्लम्बिङ र अघिल्लो वर्ष कपाल काट्ने तालिम दिइएको थियो,” उहाँले भन्नुभयो “विद्यालयले प्लम्बिङ, हेयर कटिङ र वायरिङसम्बन्धी सेवा दिन आफ्नै भवनको सटरमा पसल खोल्ने योजना छ।”

माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयमै सीप सिकाएर विद्यार्थी र शिक्षालाई श्रमसँग जोड्न कार्यक्रम सञ्चालन गरिएको नगर प्रमुख सुरत केसीले जानकारी दिनुभयो। बेनी नगरपालिकाले १६ वटा विद्यालयलाई चालु आर्थिक वर्षमा हामी सक्छौँ, हामी गर्छौं कार्यक्रमका लागि रु एक/एक लाखका दरले रु १६ लाख बजेट विनियोजन गरेको छ। बिहान बेलुकी विद्यार्थीको अनुकूल समयमा आलोपालो गरेर तालिममा सहभागी हुने व्यवस्था मिलाइएको छ। बेनी नगरपालिकाको सामुदायिक विद्यालयका करिब ५०० जना विद्यार्थी सीपमूलक तालिममा सहभागी हुने अपेक्षा गरिएको छ।

# चिसापानी-देउराली-बानीडाँडा सडक धमाधम कालोपत्र हुँदै

**पोखरापत्र संवाददाता**
पर्वत, २९ जेठ

चिसापानी-देउराली-बानीडाँडासडकधमाधमकालोपत्र भइरहेको छ। ‘ट्र्याक’ खुलेको १५ वर्षपछि कालोपत्र थालिएको हो।

सङ्घीय सरकारद्वारा विनियोजित रु एक करोडको लागतमा सडक कालोपत्र गर्न थालिएको स्थानीय पूर्वाधार विकास कार्यालयले जनाएको छ। सडक कालोपत्रसँगै टेवा पर्खाल, वर्षाको पानी निकासका लागि नाली निर्माण, ग्याबियन जाली भर्ने र कल्भर्ट निर्माणलगायत काम गत वर्षनै सम्पन्न भएकामा यस वर्षको बजेटले कालोपत्र मात्र गरिएको हो। यो बाटो भएर वालिङ-हुवास सडकसम्म पुग्न सर्वसाधारणलाई सहज भएको छ। स्थानीय पूर्वाधार विकास कार्यालयका इञ्जिनियर रवीन पन्थीका अनुसार चालु आर्थिक वर्षभित्रै कालोपत्रको सम्पूर्ण काम पूरा हुनेछ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI4060000108 | शुसिल नेपाल | सिद्ध-८, कास्की |
| २ | ULI4000003561 | देवी पराजुली | पोखरा-२३, कास्की |
| ३ | ULI4160000238 | मदन श्रेष्ठ | पोखरा-१३, कास्की |

# अत्यधिक गर्मीका कारण विद्यालयहरू बन्द

**पोखरापत्र संवाददाता**
गोरखा, २९ जेठ

अत्यधिक गर्मीका कारण यहाँको पालुङटार नगरपालिकाका विद्यालयहरूमा आजदेखि पठनपाठन बन्द गरिएको छ।

नगरपालिकाभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा दुइदिनका लागि पठनपाठन बन्द गर्ने निर्णय गरिएको नगरप्रमुख विवश चिन्तनले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "गर्मीका कारण बालबालिकालाई समस्या हुनसक्ने भएकाले नगरपालिकाले मातहतका सबै विद्यालय आज र भोलि बन्द गर्ने निर्णय गरेको हो।" असार १ गतेबाट नियमित रूपमा पठनपाठन हुने नगरपालिकाले जनाएको छ।

त्यसैगरी तनहुँको आँबुखैरेनी गाउँपालिकाले पनि सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा आज र भोलि गर्मी बिदा दिने निर्णय गरेको छ। गाउँपालिकाको निर्णय अनुसार गर्मीका कारण विद्यार्थीको स्वास्थ्यमा पर्ने असरलाई ध्यानमा राख्दै दुई दिन बिदा दिने निर्णय गरिएको हो। गाउँपालिकाले सूचना जारी गर्दै सम्पूर्ण विद्यालय सञ्चालक, अभिभावक तथा सरोकारवाला निकायलाई आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ।

"गर्मीका कारण देखिएका समस्या न्यूनीकरण गर्न विद्यालय बन्दको निर्णय गरिएको हो, सबैले आवश्यक सतर्कता अपनाउन अनुरोध छ", गाउँपालिका अध्यक्ष शुक्र चुमानद्वारा जारी सूचनामा उल्लेख छ।

गाउँपालिकाले विद्यार्थीलाई घरभित्र वा शीतल स्थानमा बस्न, प्रशस्त पानी पिउन, दिउँसो घाममा बाहिर ननिस्कन, ताजा फलफूल तथा पोषिलो खाना खान र साँझ बिहानमा मात्र शारीरिक व्यायाम वा खेलकुदमा सहभागी हुन अनुरोध गरेको छ।

# कौरा संरक्षण गर्न प्रतियोगिता

**पोखरापत्र संवाददाता**
दमौली, २९ जेठ



जिल्लाको भिमाद नगरपालिका–१ बढहर भञ्ज्याङमा कौरा संरक्षणका लागि प्रतियोगिता गरिएको छ। पछिल्लो समय मौलिक कौरा लोप हुँदै गएकाले यसको संरक्षण र प्रवर्द्धन गर्दै युवापुस्तालाई यसप्रति आकर्षित गराउन प्रतियोगिता आयोजना गरिएको हो।

लखन थापा मेलमिलाप युवा क्लबले कान्छीबजार मेलाका अवसरमा तनहुँसहित छिमेकी जिल्ला स्याङ्जाको सहभागितामा प्रतियोगिता सम्पन्न गरेको क्लबका पूर्वअध्यक्ष सन्तराम थापाले जानकारी दिनुभयो। मगरको बाहुल्यता रहेको यस क्षेत्रमा कौरा नृत्य प्रख्यात रहेकाले यसको संरक्षण र संस्कृतिको प्रवर्द्धन गर्नुपर्छ भन्ने उद्देश्यले क्लबले प्रत्येक वर्ष प्रतियोगिता गर्दै आएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कौरा मगर जातिको संस्कृति हो, यसलाई लोप हुन दिनु हुँदैन भनेर संरक्षणमा जुटेका हौं।"

प्रतियोगितामा ऋषिङ सांस्कृतिक समूह प्रथम, नेपाल मगर सङ्घ भिमाद इकाई द्वितीय, सिरौले कौरा समूह तृतीय र चित्रे कौरा समूह चौथो भएका छन्। विजयीलाई क्रमशः रु ६० हजार, रु ३० हजार, रु २० हजार र रु १० हजार पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ। विजयीलाई पुरस्कार वितरण गर्दै ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले युवाहरूले कौरा संरक्षणका लागि थालेको पहल उदाहरणीय रहेको बताउनुभयो। कौराको उत्पत्ति तनहुँको ऋषिङबाट भएको जनाउँदै उहाँले पालिकाले पनि मौलिक परम्परा र संस्कृति संरक्षण र प्रवर्द्धनमा समन्वय गर्दै आएको उल्लेख गर्नुभयो।

# पाँच महिनामा थपिए बाउन्न एचआइभी सङ्क्रमित

**पोखरापत्र संवाददाता**
चितवन, २९ जेठ

जिल्लामा गत पाँच महिनामा ५२ नयाँ एचआइभी एड्स सङ्क्रमित थपिएका छन्। तीमध्ये २३ स्थानीय हुन भने अन्य स्थानान्तरण भई आएका हुन्।

भरतपुर अस्पतालमा रहेको एएचएफ नेपालमा दर्ता भएका सङ्क्रमितमा उनीहरू नयाँ थपिएका हुन्। भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा कल्याण सापकोटाका अनुसार अस्पतालमा रहेको यस फाउण्डेसनमा सन् २०२५ को पाँच महिनामा ती बिरामी थपिएका हुन। अस्पतालमा आएर परीक्षण गरेका र समुदायस्तरमा परीक्षण गरिएका २३ जना हुन। अहिले यस केन्द्रमा नियमित औषधि खानेको सङ्ख्या एक हजार एक सय ८८ जना रहेको छ।

उहाँले भन्नुभयो,"यहाँ औषधि सेवन गर्नेमध्ये जिल्लाको माडीको बघौँडा अस्पताल र मध्यविन्दु अस्पताल डण्डामा केही स्थानान्तरण भएर गएका छन्।" ती दुई केन्द्रमा ५५ जना बिरामी स्थानान्तरण भई औषधि लिँदै आएका छन्। ती केन्द्रमा सेवा लिनका लागि कठिन भयो भनेर पुनः भरतपुर अस्पतालको यस सेन्टरमा आउने पाँच जना रहेको अस्पतालका सूचना अधिकारी गोपाल पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले यहाँबाट नियमित ५८२ जना पुरुष, ५५८ जना महिला रहेका छन्। यस्तै ३० जना बालबालिका र १८ जना तेस्रो लिङ्गी रहेको उहाँले जानकारी दिनुभयो। नियमित औषधि सेवन गर्ने बिरामीलाई अस्पतालले अन्य सेवा समेत दिने गरेको छ। उहाँका अनुसार अस्पतालमा आएका सङ्क्रमित बिरामीका कुरुवालाई खाना खाजाको व्यवस्था, उपचारमा सहयोग, आवश्यकता अनुसार एम्बुलेन्समा सहयोग, असहायको लागि खाद्यान्न सहयोग गर्दै आएको छ। यस फाउण्डेसनसँगै अन्य फाउण्डेसनमा पछिल्ला समय भाइरल लोडमा समस्या आएको उहाँले बताउनुभयो। भाइरल लोडका लागि आवश्यक किटको अभावले समस्या देखिएको फिजिसियन डा सापकोटाले बताउनुभयो। उहाँले भन्नुभयो "अहिले तत्कालका लागि समस्या समाधान भए पनि अझै एक महिना कसरी व्यवस्थापन गर्ने भन्ने छ।"


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ वडा भित्रका खुल्ला ठाउँमा खेल स्थल तथा खुल्ला व्यायमशाला निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः वडा भित्रका खुल्ला ठाउँमा खेल स्थल तथा खुल्ला व्यायमशाला निर्माण
योजना सम्झौता मितिः २०८२/०२/१८ गते
योजना सुरु हुने मितिः २०८२/०२/१९ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१५ गते
योजनाको कुल लागतः रु.५,२९,५४८.५६
महानगरपालिकाबाटः रु. ४,५०,०००/-
उपभोक्ताबाटः रु.७९,४१२
अध्यक्षः कृष्ण बहादुर गुरुङ सम्पर्क नं.: ९८४६११६०३७
सचिवः यशोदा खड्का, कोषाध्यक्षः याम गुरुङ
निर्माण समिति सदस्य संख्याः ७ महिलाः ३, पुरुषः ४

**वडा भित्रका खुल्ला ठाउँमा खेल स्थल तथा खुल्ला व्यायमशाला निर्माण उपभोक्ता समिति पोखरा-१५**


# प्रभावकारी बन्दै सिक्दै कमाउँदै

**हरिप्रसाद बाँस्तोला**
पोखरा, २९ जेठ/रासस

गण्डकी प्रदेश सरकारले सामुदायिक विद्यालयमा सुरु गरेको 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै' कार्यक्रम प्रभावकारी बनेको छ। पढाइसँगै जीवनपयोगी सिप सिकाउने लक्ष्यका साथ सुरु गरिएको सो कार्यक्रमप्रति विद्यार्थीको आकर्षक बढेको देखिएको छ।

विद्यार्थीको विज्ञान विषयमा अभिरुचि जगाउँदै भविष्यमा वैज्ञानिक र सिर्जनशील उद्यमी उत्पादन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ नेपाली परिवेशलाई समेत दृष्टिगत गरी कार्यक्रम सुरु गरिएको मन्त्रालयले स्पष्ट गरेको छ।

गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गतको शिक्षा विकास निर्देशनालयका निर्देशक धनश्याम पौडेलका अनुसार सो कार्यक्रममा सहभागी विद्यार्थीले कृषि, पशुपालन, इन्जिनियरिङ, हस्तकलासँग सम्बन्धित सामग्री उत्पादन गर्न सक्नेछन् र केही रकम पनि आयआर्जन गर्नसक्ने छन्।

उहाँका अनुसार समाजका जेहेन्दार, विपन्न एवं सिमान्तिकृत वर्गका विद्यार्थीको शिक्षासँगै आयआर्जन वृद्धिका लागि रोजगारीको अवसर सिर्जना गर्न सहयोग पुग्ने विश्वासका साथ प्रदेशका विभिन्न ३४ सामुदायिक विद्यालयमा सो कार्यक्रम सञ्चालन गरिएको छ।

"पठनपाठनसँगै सीप प्रदान गरी आत्मनिर्भर बनाउने कार्यक्रमको मुख्य उद्देश्य रहेको छ", उहाँले भन्नुभयो, "कार्यक्रमबाट सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि र आर्थिक स्तरीकरणमा सहयोग पुग्ने विश्वास लिइएको छ।" बजारको मागमा आधारित




विशिष्टीकृत जनशक्ति उत्पादनमा केन्द्रित रहने गरी प्रदेशभरका सामुदायिक विद्यालय लक्षित उक्त कार्यक्रममा दुई हजार ५०० विद्यार्थीले सहभागिता जनाउँदै आएका छन्। प्रदेश सरकारको कार्यविधिअनुसार कार्यक्रमको सुरुआतमा प्रत्येक विद्यालयलाई रु पाँच लाख र त्यसपछि प्रतिवर्ष रु दुई लाखका दरले आर्थिक सहयोग गर्ने व्यवस्था रहेको बताउँदै निर्देशक पौडेलले भन्नुभयो, "प्रदेशका ३६ वटा सङ्घीय निर्वाचन क्षेत्रमा एका एक 'स्टेमल्याब' सञ्चालनमा आएका छन्। कतिपय विद्यालयले कार्यक्रम सञ्चालन गर्न आवेदन नदिँदा उक्त अवसरबाट विद्यार्थी वञ्चित भएको प्रदेश सरकारले जनाएको छ। नवलपुरको देउचुली नगरपालिकास्थित भीमसेन आदर्श माविका विद्यार्थीले नौमती बाजा एवम् मौरिपालनबाट आयआर्जन गर्न सुरु गरेको मन्त्रालयका उपनिर्देशक ऋषिराम बाँस्तोलाले जानकारी दिनुभयो। कार्यक्रम सञ्चालन भएपछि सो विद्यालयमा यस वर्ष १५० विद्यार्थी नयाँ भर्ना भएको विद्यालयले जनाएको छ।

बाँस्तोलाले भन्नुभयो, "प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयमा 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै' कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने, लक्षित समुहका विद्यार्थीको उच्च शिक्षामा पहुँच विस्तार गर्ने र तह पूरा गर्ने दर वृद्धि गर्नका लागि छात्रवृत्ति कार्यविधि तयार गर्ने काम पूरा भएको छ।"

उहाँका अनुसार विद्यालयले विद्यार्थीको सैद्धान्तिक ज्ञानलाई सिपसँग जोड्ने काम गरिरहेका छन्। "विद्यार्थीलाई सिकेका ज्ञान प्रयोगमा उतार्न विद्यालय हाताभित्र नै तरकारी खेती, हस्तकलाका सामाग्री उत्पादन, पशुपालनलगायतका विभिन्न ज्ञानलाई सिपसँग जोड्ने काम गर्दै आएका छन्, कक्षा ६ देखि १२ सम्मका विद्यार्थी कार्यक्रममा सहभागिता रहँदै आएका छन्, विद्यार्थीको पढाइलाई निरन्तरता दिँदै फुर्सदको समयमा सिप सिकाउने व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो।

**जानकी माविमा हस्तकलाका सामग्री उत्पादन**

कास्कीको पोखरा महानगरपालिका वडा नं १७ महतगौँडास्थित जानकी माविमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रमअन्तर्गत बाँसका हस्तकला सामग्री उत्पादन सुरु गरिएको छ।

गण्डकी प्रदेश सरकारद्वारा सञ्चालित सो कार्यक्रमअन्तर्गत कक्षा ७ देखि १० सम्मका २२ छात्रछात्राले बाँसबाट पेन होल्डर, टिस्युपेपर होल्डर, मन्दिर, ढकियालगायतका विभिन्न सामग्री निर्माण गर्दै आएका छन्। उक्त कार्यक्रमका लागि सरकारले यस आर्थिक वर्षमा रु पाँच लाख उपलब्ध गराएको छ।

कलम समात्ने कलिला हातले चक्कु र हँसिया समातेर पढाइसँगै कमाउन सुरु गरेका विद्यार्थीले उत्पादित सामग्री बिक्रीबाट आयआर्जन गर्न थालेको प्रशिक्षक एवं विद्यालयका सहायक प्रधानाध्यापक कमल आचार्यले जानकारी दिनुभयो।

सो कार्यक्रमको गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालयका निर्देशक घनश्याम पौडेल नेतृत्वको टोलीले स्थलगत अनुगमनपछि कार्यक्रम उपलब्धिमूलक र प्रेरणादायी भएको जनाएको छ। टोलीले उत्पादित सामग्रीको बजारीकरण र व्यवस्थापनमा सबैको साथ–सहयोग हुनुपर्नेमा जोड दिएको छ। सो विद्यालयमा ३५० विद्यार्थी रहेको र हस्तकला सामग्रीको उत्पादनसँगै शैक्षिक गुणस्तर तथा विद्यार्थी सङ्ख्या वृद्धि भएको प्रधानाध्यापक अर्जुन कडेलले जानकारी दिनुभयो।

सो कार्यक्रममा सहभागी विद्यार्थीले हस्तकलाका सामग्री हातैले बनाउँदा लागत महङ्गो पर्ने, समय बढी लाग्ने, शुल्क बढी निर्धारण गर्दा बिक्री नहुने समस्या देखिएकाले मेसिनको व्यवस्था भइदिए सुरक्षित, समयको बचावट भई सस्तो दरेटमा बेच्न सकिने सुभावसहित सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभएको छ।

पछिल्लो समय गण्डकी प्रदेशले सुरु गरेको 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै' कार्यक्रमप्रति आमविद्यार्थीको आकर्षण बढेको, विद्यालयमा विद्यार्थीको सङ्ख्या वृद्धि भएको र अभिभावकमा खुसियाली देखिएकाले कार्यक्रम लागू गरी लाभान्वित हुन सम्बद्ध पक्षको ध्यानाकर्षण गरिएको छ।

# नेपाल पर्वतीय पर्यटन आकर्षक गन्तव्यः मन्त्री राई

**रासस**
काठमाडौं, २९ जेठ

रक्षामन्त्री मानवीर राईले नेपाल पर्वतीय पर्यटनका लागि सुन्दर र आकर्षक गन्तव्य भएको बताउनुभयो। गणतन्त्र दिवसका अवसरमा राष्ट्रिय समाचार समिति (रासस) ले आयोजना गरेको 'पर्वतीय पर्यटनः हाम्रो सान, हाम्रो पहिचान' तस्बिर प्रदर्शनीको अवलोकनपछि मन्त्री राईले नेपालमा पर्वतीय पर्यटनको अथाह सम्भावना र आकर्षक गन्तव्य भएको बताउनुभयो।

"नेपाल सुन्दरता र पर्यटकीय दृष्टिकोणले निकै आकर्षक गन्तव्य हो," मन्त्री राईले भन्नुभयो, "कतिपय स्थानमा म पुगेको पाएको छैन, तस्बिरी हेर्दा आफैँ पुगेजस्तो लाग्यो पर्यटकको आकर्षक गन्तव्य, प्राकृतिक सुन्दरता र सम्भावना तबस्बिरमा झल्किन्छ।"

मन्त्री राईले नेपालमा केही सम्भावना छैन भन्ने समूहलाई तस्बिरले धेरै सम्भावना देखाएको उल्लेख गनुभयो। उहाँले भन्नुभयो, "नेपालमा केही छैन भन्ने प्रचार पनि गराउन खोजिएको छ, नेपालमा पर्वतीय पर्यटनका क्षेत्रमा धेरै सम्भावना छ।"

मुलुकमा गणतन्त्रको स्थापना भएपछि सदरमुकामसम्म पुगेको सडक अहिले हरेक गाउँपालिका पुगिरहेको र सूचना प्रविधिको राम्रो विकास भइरहेको उहाँको भनाइ थियो। "प्राकृतिक हिसावले निकै सुन्दर छ, नेपाल बस्नका लागि अत्यन्तै सुन्दर देश हो, जाडो मन पराउनेलाई चिसो, गर्मी मन पर्नेलाई गर्मी यही छ," मन्त्री राईले भन्नुभयो, "सरकारले विकासका लागि पर्यटन प्रवर्द्धनमा राम्रो प्रयत्न गरेको छ, हिमाल, ताल, गुम्बा, ऐतिहासिक गाउँ, बहुभाषी, बहुजाती भएको देश हो।"

मन्त्री राईले जलवायु परिवर्तनले नेपालमा ठूलो असर परेको र त्यसका दोष विकसित देशको भएको बताउनुभयो। "मुलुकको सम्भावना देखाउन राससले आयोजना गरेको तस्बिर प्रदर्शनीमार्फत जे प्रयास गरिहेको छ, यो देश र जनताको हितमा काम गरिरहेको छ," मन्त्री राईले भन्नुभयो, "नेपालमा पर्याप्त सम्भावना छ भनेर प्रष्ट तस्बिरमा देखाएको छ।"

यसअघि आजै नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानमा अध्ययनरत ४० जना विद्यार्थीले तस्बिर प्रदर्शनीको अवलोकन गरेका छन्। अवलोकनपछि उक्त प्रतिष्ठानका टसि शेर्पाले राससले मुख्य काम समाचार सम्प्रेषणका साथै मुलुकका प्राकृतिक सम्पदाको प्रचारप्रसारका लागि आयोजना गरेको तबस्बिर प्रदर्शनी प्रशंसनीय भएको बताउनुभयो।

सो प्रतिष्ठानमा अध्ययनरत छात्रा जेनिफर न्यौपानेले नेपालका प्राकृतिक पर्यटकीय गन्तव्यको प्रचारप्रसारले मुलुकको समृद्धिको टेवा पुग्ने बताउनुभयो। सोही प्रतिष्ठानमा अध्ययनरत छात्र साइरस कार्कीले पर्यापर्यटनको प्रचारप्रसारमा यस तस्बिर प्रदर्शनीले योगदान गर्ने बताउँदै आगामी दिनमा डिजिटल माध्यमबाट समेत प्रचार गर्नुपर्नेमा जोड दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ र १३ अन्तर्गत रहेको श्री भद्रकाली मन्दिर धार्मिक क्षेत्रको माथि मन्दिर परिसरमा निर्माणाधिन रिटेनिङ्गवाल/प्रदक्षिणा मार्ग बनाउने सहित शान्तिवाटिका पार्क निर्माण कार्यमा निम्न अनुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भद्रकाली मन्दिर शान्तिवाटिका पार्क निर्माण
ठेगानाः- पोखरा- १२/१३, भद्रकाली मन्दिर परिसर
आयोजनाको उद्देश्यः रिटेनिङ्गवाल/प्रदक्षिणा मार्ग बनाउने सहित शान्तिवाटिका पार्क निर्माण
योजना सम्झौता मितिः २०८१/०७/२६ गते
योजना सुरु मितिः २०८१/०७/२७ गते
योजना सम्पन्न हुने मितिः २०८२/०२/१६ गते
योजनाको सम्पन्न भएको मितिः २०८२/०२/०६ गते
योजनाको कुल लागतः- रु. ५१,७४,१६३/-
पोखरा महानगरपालिका कार्यालयबाटः- रु.४५,००,०००/-
उपभोक्ता समितिको तर्फबाट व्यहोरिएको रकमः- रु.६,७४,१६३/-
अध्यक्षः योगेन्द्रमान श्रेष्ठ सम्पर्क नम्बरः ९८५६०२४३१०
अन्त्यमा कालीमाताले हामी सवैको कल्याण गरुन्

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति**
**कुँडहर पोखरा-१२/१३ कास्की**